बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)
नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

# विपद्मा बालबालिकाको संरक्षणका लागि सिजपको हार्दिक अपील

जाजरकोट जिल्लाको बारकोट गाउँपालिका रामीडाडा केन्द्रविन्दु भएर मध्यरात गएको ६.४ म्याग्निच्युटको भूकम्पमा परी जाजरकोटमा ९२ र रुकुम पश्चिममा ३६ (१९ जना बालबालिका) गरी १२८ जनाको मृत्यु तथा जाजरकोटमा ५५ जना र रुकुम पश्चिममा ८५ जना गरी १४० जना घाइते शीर्षकमा सञ्चारका विभिन्न माध्यमहरुबाट प्रकाशित तथा प्रसारित समाचारप्रति यस बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) परिवार अत्यन्तै मर्माहत भएको छ। यो दुखको घडीमा दिवंगत आत्माहरुको चीर शान्तिको कामना गर्नुका साथै शोक सन्तप्त परिवारजनमा गहिरो संवेदना प्रकट गर्दछौं। यसका साथै भूकम्पमा परी घाइते हुनु भएका सबै जनाको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछौं। यस विपद्को क्षणमा बेपत्ताहरूको खोज, उद्धार र घाइतेहरूको उपचार व्यवस्थापनका लागि सरकारको तर्फबाट भएको तयारी तथा क्रियाशीलताका लागि यस अभियान हार्दिक आभार व्यक्त गर्नुका साथै यस कार्यमा आवश्यक समन्वय, सहकार्य तथा सहयोगका लागि सरकारी निकाय, गैर सरकारी संस्था, नागरिक समाज, निजी क्षेत्र, पत्रकार लगायत सम्बन्धित सम्पूर्णमा हार्दिक अपील गर्दछौं।

कुनै पनि प्राकृतिक तथा मानवीय विपद्बाट सबैभन्दा बढी प्रभावित हुने समूह भनेको बालबालिका, महिला (गर्भवती, सुत्केरी तथा अपांगता भएका) तथा ज्येष्ठ नागरिक भएको हुँदा सो समूहको सुरक्षा तथा संरक्षणलाई प्राथमिकतामा राख्न जरुरी हुन्छ। बालबालिकाको सुरक्षित तथा संरक्षित जीवन सुनिश्चितताका लागि नेपाल सरकार संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक रुपमा प्रतिवद्द रहेको नै छ। यसका साथै बालबालिका सम्बन्धी ऐन २०७५ ले बालबालिकाको सुरक्षा तथा संरक्षणका लागि उचित उपाय अवलम्वन गर्न स्थानीय तहलाई प्रोत्साहन गरेको छ। यस सन्दर्भमा यस विपद्को क्षणमा बालबालिकामाथि हुन सक्ने सम्भाव्य हानि, हिंसा तथा दुर्व्यवहारबाट संरक्षण, बालबालिकाको तत्काल उद्दार तथा संरक्षण व्यवस्थापन, बालबालिका केन्द्रित राहत वितरण, स्रोतहरुको खोजी तथा परिचालन एवम् बहुपक्षीय समन्वय र सहकार्यका लागि भूकम्प प्रभावित क्षेत्रका स्थानीय तह, प्रशासन, प्रहरी, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी लगायत सो क्षेत्रमा क्रियाशील विकास साझेदार, गैर सरकारी संस्था, नागरिक समाज लगायत प्रदेश तथा संघका सम्बद्द सबैमा हार्दिक अनुरोध गर्दछौं। अन्त्यमा, यो दुखको घडीमा सामाजिक सद्भाव, शान्ति र सहकार्यमा असर पुग्ने खालका गतिविधिका साथै सामाजिक सञ्जालबाट बालबालिकाको मनोविज्ञान तथा पीडित एवम् प्रभावित परिवारमा नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य नगर्न नगराउन समेत हामी सम्बद्द सबैमा हार्दिक अनुरोध गर्दछौं।

मीना शर्मा
अध्यक्ष

तिलोत्तम पौडेल
महासचिव

मिति २०८० कार्तिक १८ गते